# <u>विलासिता शुल्क सम्बन्धी कार्यविधि, २०८१</u>

आर्थिक ऐन, २०८१ को दफा १७ ले पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातित मदिरा र दश लाख रुपैयाँभन्दा बढी मूल्यका सुनका गरगहना वा हिरा, मोती, पत्थर जडित सुनको गरगहनाको कारोबारमा विलासिता शुल्क लाग्ने व्यवस्था गरे बमोजिम उक्त विलासिता शुल्कको प्रशासनलाई सरल र प्रभावकारी बनाउन आर्थिक ऐन, २०८१ को दफा १७ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले यो कार्यविधि बनाई जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम **"विलासिता शुल्क सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले आर्थिक ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको कार्यालय सम्झनु पर्छ।

(घ) "पाँच तारे र सो भन्दा माथिका तारे होटल" भन्नाले नेपाल सरकार, पर्यटन विभागले स्तर निर्धारण गरे बमोजिमको पाँच तारे र सो भन्दा माथिका तारे होटल सम्झनु पर्छ।

(ङ) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशवाट नेपालभित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ।

(च) "मदिरा" भन्नाले तयारी मदिरा सम्झनु पर्छ।

(छ) "लक्जरी रिसोर्ट" भन्नाले नेपाल सरकार, पर्यटन विभागले स्तर निर्धारण गरे बमोजिमको लक्जरी रिसोर्ट सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(झ) "विवरण" भन्नाले यस कार्यविधिको दफा ३ को खण्ड (क) र (ग) बमोजिमको कारोबार गर्ने सेवा प्रदायक वा बिक्रेताले पेश गर्नुपर्ने यस कार्यविधिको दफा ६ बमोजिमको विवरण सम्झनु पर्छ।

(ञ) "शुल्क" भन्नाले ऐनको दफा १७ बमोजिम असुल तथा दाखिल गर्नुपर्ने विलासिता शुल्क सम्झनु पर्छ।

(ट) "स्थायी लेखा नम्बर" भन्नाले सेवा प्रदायक वा बिक्रेतालाई प्रदान गरिएको स्थायी लेखा नम्बर सम्झनु पर्छ।

(ठ) "सेवा प्रदायक वा बिक्रेता" भन्नाले यस कार्यविधिको दफा ३ को खण्ड (क) बमोजिमको सेवा प्रदान गर्ने व्यक्ति वा दफा ३ को खण्ड (ग) बमोजिमको वस्तु बिक्रेता सम्झनु पर्छ।

## ३. शुल्क लगाउने आधार र दर सम्बन्धी व्यवस्थाः

शुल्क लगाउने आधार र दर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले सेवा प्रदान गरेको बखत सेवा बापत असुल हुने मूल्य अभिवृद्धि कर अघिको मूल्यमा दुई प्रतिशतका दरले शुल्क लगाई असुल गर्नु पर्नेछ।

(ख) नेपालमा पैठारी हुने मदिराको मूल्य अभिवृद्धि कर अघिको मूल्यमा पैठारीका बखत सम्बन्धित भन्सार कार्यालयले भन्सार बिन्दुमा दुई प्रतिशतका दरले शुल्क लगाई असुल गर्नु पर्नेछ।

(ग) दश लाख रुपैया भन्दा बढी मूल्यका सुनका गरगहना वा हिरा, मोती, पत्थर जडित सुनको गरगहना बिक्रेताले बिक्रीका बखत बिक्री मूल्यको दुई प्रतिशतका दरले शुल्क लगाई असुल गर्नु पर्नेछ।

## ४. विलासिता शुल्क प्रशासन गर्ने निकाय सम्बन्धी व्यवस्थाः

शुल्कको प्रशासन सम्बन्धित करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ठूला करदाता कार्यालय र मदिराको हकमा सम्बन्धित भन्सार कार्यालयले गर्नेछ।

## ५. दर्ता सम्बन्धी व्यवस्थाः

शुल्क असुल गर्ने र राजस्व खातामा दाखिल गर्ने प्रयोजनको लागि स्थायी लेखा नम्बर लिएको व्यक्तिले अलग्गै दर्ता गर्नुपर्ने छैन।

## ६. कारोबारको लेखाङ्कन तथा विवरण दाखिल सम्बन्धी व्यवस्थाः

यस कार्यविधिको दफा ३ को खण्ड (क) र (ग) बमोजिम कारोबारको लेखाङ्कन तथा विवरण दाखिल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) कारोबारको लेखाङ्कन प्रोदभावी (एक्रुयल) आधारमा गर्नु पर्नेछ,

(ख) कारोबारको मासिक विवरण अर्को महिनाको पच्चीस गतेभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ, र

(ग) तोकिएको समयभित्र विवरण पेश नगरेमा विवरण पेश गर्नुपर्ने मितिबाट विवरण पेश नभएको मितिसम्म दाखिल गर्नुपर्ने शुल्कमा ऐनको दफा १७ को उपदफा (५) बमोजिम वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम थप शुल्क लाग्नेछ।

७. **<u>विलासिता शुल्क दाखिल सम्बन्धी व्यवस्थाः</u>**

यस कार्यविधिको दफा ३ को खण्ड (क) र (ग) बमोजिम असुल गरेको शुल्क दाखिल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) सेवा प्रदायक वा बिक्रेताले सङ्कलन गरेको शुल्क सम्बन्धित कार्यालयको कोड र तोकिएको राजस्व शीर्षकमा अर्को महिनाको पच्चीस गतेभित्र दाखिल गर्नु पर्नेछ, र

(ख) तोकिएको समयभित्र शुल्क दाखिल नगरेमा ऐनको दफा १७ को उपदफा (४) बमोजिम बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ।

८. **<u>कारोबारको परीक्षण तथा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः</u>**

यस कार्यविधिको दफा ३ को खण्ड (क) र (ग) बमोजिम कारोबारको परीक्षण तथा शुल्क निर्धारण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) सेवा प्रदायक वा बिक्रेताको कारोबारको परीक्षण गरी कार्यालयले शुल्क निर्धारण गर्न सक्नेछ।

(२) कार्यालयबाट कारोबारको परीक्षण गर्दा कुनै सेवा प्रदायक वा बिक्रेताले शुल्क असुल नगरेमा वा बिक्री कारोबारलाई खण्डीकरण गरेमा वा वास्तविक कारोबार भन्दा घटी कारोबार घोषणा गरी न्यून शुल्क असुल गरेको पाइएमा ऐनको दफा १७ को उपदफा (६) बमोजिम पच्चीस प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ।

(३) शुल्क निर्धारणको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कारोबार रकम घटी घोषणा गरी, शुल्क असुल नगरी, कारोबारको खण्डीकरण गरी वा कारोबार लुकाई छिपाई शुल्क दायित्व घटाएको भन्ने सूचना तथा प्रमाण प्राप्त भएमा कर अधिकृतले त्यस्तो प्राप्त सूचना तथा प्रमाणको आधारमा प्रारम्भिक शुल्क निर्धारणको लिखित सूचना दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको सूचना सेवा प्रदायक वा बिक्रेताको कर्मचारी वा प्रतिनिधिलाई बुझाएको, सेवा प्रदायक वा बिक्रेताको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकाबाट तत् सम्बन्धी आदेशको सूचना प्रकाशन गरी जानकारी गराएमा सूचनाको तामेल भएको मानिने छ।

(ग) शुल्क निर्धारण सम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(घ) सेवा प्रदायक वा बिक्रेताबाट पेश भएको सफाइको सबुत प्रमाण समेतको आधारमा कर अधिकृतले अन्तिम शुल्क निर्धारणको सूचना जारी गर्नु पर्नेछ।

## ९. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा भएका व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

विलासिता शुल्क विवरण

| | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | आय बर्ष | |
| महिना | | कार्यालय | |

रकम रु.

| शुल्कको गणना | |
|---|---|
| शुल्क लाग्ने मूल्य | XXX |
| शुल्कको दर | २% |
| शुल्क | XXX |
| शुल्क ढिला बुझाए बापतको ब्याज | XX |
| विवरण ढिला बुझाए बापतको थप शुल्क | XX |
| जम्मा दाखिल गर्नुपर्ने शुल्क | XXXX |

<u>बिक्री विवरण</u>

| क्र.सं. | क्रेताको नाम | स्थायी लेखा नं (उपलब्ध भएकोमा) | ठेगाना | शुल्क लाग्ने मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

<u>नोटः (एक्सेल फाइलमा अपलोड गर्न सकिने)</u>

माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु।

आधिकारिक व्यक्तिको नामः- दस्तखतः-

पदः- ठेगानाः-